# अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड
# Aviyan Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : पनौती नगरपालीका-०४, काभ्रेपलाञ्चोक
फोन : ०११-४४१०२७/२८, Web: www.aviyanlaghubitta.com.np/Email: aviyanlaghu@gmail.com

## छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०८३/०३/१०**

यस अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड (वित्तीय संस्था) को मिति २०८३ साल असार ९ गतेको सञ्चालक समितिको १२५ औ बैठकको निर्णय बमोजिम वित्तीय संस्थाको छैटौं वार्षिक साधारण सभा देहायका विषयहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८३ साल असार ३० गते मंगलबार (तदनुसार १४, जुलाई २०२६)
समय : बिहान ११:०० बजे
स्थान : ताम्राकार पार्टी भेन्यु, पनौती न.पा. वडा नं. ४, काभ्रेपलाञ्चोक

**छलफल तथा निर्णयका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने,

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणसहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने,

(३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्नका लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने,

**(ख) विशेष प्रस्तावहरु :**

(१) नियामक निकायको स्वीकृति प्राप्त भएको अवस्थामा जारी गर्नेगरी सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १:१ को अनुपातमा प्रति कित्ता रु.१००/- (एक सय रुपैयाँ) का दरले हकप्रद शेयर जारी गर्न स्वीकृत प्रदान गर्ने । साथै उक्त कार्यको लागि सम्बन्धित नियामकीय निकायवाट कुनै फेरबदल वा संशोधन गर्न निर्देशन दिएमा सोही वमोजिम फेरबदल वा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(२) यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडि बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने,

(३) नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृति लिने, अभिलेख गर्ने, प्रबन्धपत्र तथा नियमावलीमा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने,

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :**

(१) छैटौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८३/०३/१६ गते मंगलवार एक दिनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०३/१५ गते सोमवारसम्म कारोबार भई प्रचलित कानून बमोजिम नामसारीको लागि वित्तीय संस्थाको शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

(२) साधारण सभामा भाग लिन आँउदा शेयरधनीहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेशपत्र वा शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटोसहितको प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ।

(३) वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ। शेयरधनी उपस्थिति पुस्तिका साधारण सभा स्थलमा बिहान ०९:०० बजेदेखि खुल्ला रहनेछ।

(४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पनौती नगरपालिका, वडा नं. ०४, काभ्रेपलाञ्चोकमा दर्ता गराइ सक्नु पर्नेछ।

(५) प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ।

(६) प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा मतदान गर्न अधिकार प्राप्त वित्तीय संस्थाको शेयरधनी बाहेक अन्य व्यक्तिलाई नियुक्त गर्न सकिने छैन। कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेर पनि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ।

(७) नाबालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछन्।

(८) संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मतरुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनीले मात्र साधारणसभामा भाग लिन पाइनेछ।

(९) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।

(१०) छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले साधारण सभा हुनुभन्दा ७ (सात) दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखितरुपमा उपलब्ध गराउनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

**द्रष्टव्य :** यस वित्तीय संस्थाको वार्षिक साधारण सभा सम्बन्धी सूचना, प्रतिनिधि-पत्र (प्रोक्सी फारम), वार्षिक प्रतिवेदन, संक्षिप्त आर्थिक विवरणलाई वित्तीय संस्थाको वेबसाइट *www.aviyanlaghubitta.com.np* मार्फत सम्बन्धित सबैलाई जानकारी गराइने व्यहोरा अनुरोध छ।